अंक ४, २०६६ असार (जुन/जुलाई २००९)

# सेबोन न्यूजलेटर

सचेततापूर्वक धितोपत्रमा लगानी गरी आर्थिक विकासमा सहभागी बनौं ।

■ धितोपत्र निष्काशन निर्देशिका २०६५ लागू **पृष्ठ-२** ■ धितोपत्रको दोस्रो बजार **पृष्ठ-४** ■ धितोपत्र निष्काशन **पृष्ठ-८**



## अध्यक्षको मन्तव्य

डा. शूरवीर पौड्याल

धितोपत्र बजारका विभिन्न साधनहरु प्रयोग गरी वित्तीय क्षेत्रका संगठित संस्थाहरुले उल्लेख्य मात्रामा पुँजी परिचालन गरेका छन् तर वास्तविक क्षेत्रका उत्पादन तथा प्रशोधन, जलविद्युत, होटल, ब्यापार लगायतका ब्यवसायीहरुले पुँजी बजारबाट आवश्यक पुँजीको पूर्ति गर्ने हालको अभ्यास खासै उत्साहवर्द्धक नरहेको अवस्थामा बोर्ड पुँजी बजारमा सवै क्षेत्रको समुचित सहभागी हुने वातावरण निमार्णमा लागि परेको छ । यसका लागि पुँजी बजारको आधारभुत पूर्वाधार स्थापना एवं विकास गर्न सिडिएस स्थापना र सर्वसाधारण लगानीकर्ताहरुको हितका लागि सामुहिक लगानी कोष ऐनको मस्यौदा तयार गर्न बोर्ड लागेको छ । नियमन क्षमतामा अभिवृद्धि गर्न बोर्डले आफ्नो संगठन संरचनामा परिवर्तन, दक्ष जनशक्तिको पूर्ति एवं सूचना प्रविधि क्षेत्रको उचित प्रयोग गरी बजारलाई अझ अगाडि बढाउन प्रयासरत रहेको छ । बजारलाई प्रतिस्पर्धी एवं पारदर्शी बनाउन बोर्ड एक्लैले मात्र नसक्ने हुनाले हाम्रो यो प्रयासमा धितोपत्र बजारका सरोकारवाला सवै पक्षहरुबाट उत्तिकै सहयोगको आवश्यकता रहेको छ ।

बोर्डले धितोपत्र बजारको प्राथमिक तथा दोस्रो बजारका समसामयिक गतिविधि र धितोपत्र बजार अनुगमन एवं सुपरिवेक्षण, धितोपत्र बजार पूर्वाधारहरुको विकास तथा लगानीकर्ताहरुलाई जागरुक बनाउने सम्बन्धमा भएका विभिन्न प्रयासहरुलाई समेटेर सेबोन न्यूजलेटरको चौथो अंक प्रकाशन गरेको छ ।

२०६६ असार



वार्षिकोत्सव समारोहमा सहभागी अतिथिहरु

# बोर्डको १७ औं बार्षिकोत्सव सम्पन्न

गत जेठ २५ गते नेपाल धितोपत्र बोर्डले आफ्नो स्थापनाको १६ वर्ष पुरा गरि १७ वर्ष शुरु गरेको अवसरमा कार्यालय परिसरमा एक कार्यक्रमको आयोजना गर्‍यो । सो कार्यक्रममा सभापतिको आसनबाट नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले नियमक निकायको हैसियतले धितोपत्र बजारको विकासका लागि आफ्नो क्षमता अभिवृद्धि गर्ने कार्यमा लागेको बताउनु भयो । सो अवसरमा कानुनको अभावमा बोर्ड सञ्चालनका लागि स्वायत्त नभएको बताउदै डा. पौड्यालले बजारको थप विकासका लागि सिडिएस स्थापनाका लागि बोर्ड लागिपरेको छ भने सर्वसाधारण लगानीकर्ताहरुको हितका लागि सामुहिक लगानी योजनासम्बन्धी ऐनको तर्जुमा अगाडि बढिरहेको बताउनुभयो ।

बढ्दो बजार एवं नियमन क्षमतामा अभिवृद्धि गर्न बोर्डले दक्ष जनशक्तिको महसुस गरि त्यस्ता कर्मचारीहरु भर्ना गर्दै कार्यरत कर्मचारीहरुलाई पुरस्कृत गर्ने थालनी गरेको जानकारी दिनुभयो । सो अवसरमा वीमा समितिका अध्यक्ष डा. फत्त बहादुर केसीले साना लगानीकर्ताको हकहित संरक्षण गर्न बोर्डले महत्वपुर्ण भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । बोर्ड आफ्नो दायित्वबाट चुकेमा लगानीकर्ता मात्र होइन, समग्र अर्थ ब्यवस्थामा नै नकारात्मक असर पर्ने उहाँको धारणा थियो । सभामा बोल्दै नेपाल स्टक एक्सचेन्ज लि. का अध्यक्ष डा. नारायण पौड्यालले सेयर कारोबारमा भएका विभिन्न विसंगतिहरुलाई न्युनिकरण गर्दै कारोबारलाई काठमाडौं बाहिर पनि लैजानु पर्ने बताउनुभयो । सचेत लगानीकर्ताको अभावमा पुंजी बजारको विकास कल्पना गर्न सम्भव नभएको डा. पौडेलले बताउनुभयो । कार्यक्रममा बोर्ड सदस्य एवं कानुन न्याय तथा संविधान सभा ब्यवस्था मन्त्रालयको सह सचिव बाबुराम रेग्मीले बजारको विकासका लागि आवश्यक कानुनी ब्यवस्थाका लागि सरकार एवं बोर्डको बीच समन्वयकारी भूमिका हुनुपर्ने बताउनुभयो । सो अवसरमा कार्यपत्र प्रस्तुत गर्दै बोर्डका निर्देशक निरज गिरीले जेठ २५ गतेसम्ममा बोर्डले २ अर्ब ५० करोड ८७ लाख बराबरको साधारण सेयर, १० अर्ब ५३ करोड बराबरको हकप्रद सेयर निष्काशनका लागि अनुमति प्रदान गरेको बताउनु भयो भने अर्का निर्देशक परिष्ट पौड्यालले आ.व. २०६४।६५ र २०६५।६६ बीचमा धितोपत्र बजारमा भएको परिवर्तनको तुलनात्मक अवस्थाको बारेमा चित्रण गर्नुभएको थियो । कार्यक्रममा युनियनका तर्फबाट सचिव नवराज पण्डितले बजारलाई कमसेकम भारतीय बजारको हाराहारीमा पुर्‍याउनु पर्ने बताउनु भयो । बार्षिकोत्सव समारोहमा बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले बर्ष भरिमा उत्कष्ठ कार्य गर्ने कर्मचारीहरुलाई नगद पुरस्कार सहित सम्मान गर्नुभएको थियो ।



वार्षिकोत्सव समारोहमा सहभागी बोर्डका कर्मचारीहरु ।

सहि लगानीकर्ता पहिचानको लागि आफ्नो नागरिकताको सक्कल प्रमाण पत्र देखाएर मात्रै धितोपत्रको सार्वजनिक निष्काशनमा सहभागी बनौं ।

# धितोपत्र निष्काशन निर्देशिका २०६५ लागू

नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११८ ले दिएको अधिकार प्रयोग गरी धितोपत्र निष्काशन निर्देशिका, २०६५ गत चैत्र ८ गतेदेखि लागू गरेको छ । सो निर्देशिकामा धितोपत्रको निष्काशनलाई स्वच्छ, पारदर्शी तथा व्यवस्थित रुपमा सम्पन्न गराई लगानीकर्ताको हकहित संरक्षण गर्न विभिन्न व्यवस्थाहरु गरेको छ ।

## प्रबन्धपत्र र नियमावलीमा हुनुपर्ने ब्यवस्था

सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीमा सेयर समूहको स्वामित्वको अनुपात अनुसार संचालक समितिमा प्रतिनिधित्व हुने व्यवस्था गरिएको हुनुपर्नेछ भने सार्वजनिक निष्काशन गर्न चाहने संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीमा सेयरवालाहरुको अधिकार, साधारण सभा सम्बन्धी व्यवस्था तथा धितोपत्र खरिद बिक्री भएकोमा सरल तरिकाबाट धितोपत्र दाखिला खारेज हुने व्यवस्था गरी कार्यविधिहरु समेत स्पष्टरुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।

## प्रत्याभूति (अण्डरराईट) गराउनु पर्ने

सार्वजनिक रुपमा साधारण सेयर निष्काशन गर्न चाहने संगठित संस्थाले आफूले सार्वजनिक निष्काशन गर्ने शेयरको कम्तीमा पचास प्रतिशत सेयरको अनुमतिपत्र प्राप्त प्रत्याभूतिकर्ताबाट प्रत्याभूत (अण्डरराईट) गराएको हुनुपर्नेछ । साधारण सेयर निष्काशन गर्ने संगठित संस्था र सम्बन्धित प्रत्याभूतिकर्ताको बीच हुने प्रत्याभूतिको सम्झौता गर्दा सो सम्झौतामा बोर्डले उल्लेख गर्नुपर्ने भनी तोकिदिएको कुरा उल्लेख गर्नु पर्नेछ ।

## परिपत्र विधिबाट निष्काशन

परिपत्र विधिबाट धितोपत्र निष्काशन गर्न चाहने संगठित संस्थाले अनुमतिका लागि बोर्डमा निवेदन दिदा सो सम्बन्धमा साधारण सभाबाट भएको निर्णय, निष्काशन गरिने धितोपत्रको संख्या, लक्षित लगानीकर्ताहरुको सूची, धितोपत्र बाँडफाँट गरिने विधि, सूचीकरण तथा कारोबार सम्बन्धी व्यवस्था लगायतका कुराहरु खुलाउनु पर्नेछ ।

## अग्राधिकार सेयर निष्काशन

अग्राधिकार सेयर जारी गर्न चाहने संगठित संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा अग्राधिकार सेयर जारी गर्न सकिने व्यवस्था रही तत्सम्बन्धी विस्तृत विवरण विवरणपत्रमा स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ । बैंक तथा वित्तीय संस्था बाहेकका अन्य संगठित संस्थाले अग्राधिकार सेयर जारी गर्ने भएमा निष्काशन गरिने अग्राधिकार सेयरको प्रत्याभूत गरिएको हुनु पर्नेछ ।

## ऋणपत्र निष्काशन

ऋणपत्र निष्काशन गर्नाको उद्देश्य, जारी गरिने ऋणपत्रबाट प्राप्त रकम उपयोग गरिने कार्य, ऋणपत्रको अवधि, ब्याजदर, ब्याज भुक्तानी गर्ने समय, अवधि, स्थान र तरीका, संगठित संस्थाको सम्पत्तिमा ऋणपत्रवालाको प्रथम हक हुने हो वा दोश्रो हक हुने हो भन्ने कुरा स्पष्ट गरिएको र दोश्रो हक हुने भएमा अघिल्लो हकवालाहरु वा समूहको नाम तथा रकम, ऋणपत्रको अवधिभर कम्पनीको ऋण र पुँजीको अनुपात ७०:३० भन्दा बढी हुने गरी पूँजी संरचना परिवर्तन नगरिने प्रतिवद्धताहरु विवरणपत्रमा उल्लेख गरी बोर्डबाट अनुमति लिनु पर्नेछ । सेयरमा परिणत हुने बिशेषता भएको ऋणपत्र जारी गर्ने भएमा प्रचलित कम्पनी सम्बन्धी ऐनको व्यवस्था बमोजिम आवश्यक निर्णय गर्नुपर्नेछ ।

## हकप्रद सेयर निष्काशन

संगठित संस्थाले हकप्रद सेयरको निष्काशन गर्ने भएमा निष्काशन भै सकेको सेयरको अंकित मूल्य पूरा चुक्ता भैसकेको हुनुपर्नेछ भने संगठित संस्थाले एक आर्थिक वर्षमा एकपटक मात्र हकप्रद सेयर निष्काशन गर्न सक्नेछ र हकप्रद सेयर निष्काशन गर्दा पछिल्लो पटक सार्वजनिक निष्काशन वा हकप्रद निष्काशन गरेको सेयरहरु धितोपत्र बजारमा सूचीकरण भएको मितिबाट १८० दिन पूरा भएको हुनुपर्नेछ। हकप्रद सेयर निष्काशनका लागि निवेदन दिएका संगठित संस्थाका संचालकहरुले आफूले लिनुपर्ने हकप्रद सेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र अन्य शेयरधनीका लागि हकप्रद सेयरको दरखास्त खुल्ला गर्नुपर्नेछ । तर संगठित संस्थाका संचालकले आफूले लिनुपर्ने हकप्रद सेयर नलिने भएमा सो को जानकारी समावेश गरेर अन्य सेयरधनीका लागि हकप्रद सेयरको दरखास्त खुल्ला गर्न सक्नेछ । संचालकले आफूले लिनुपर्ने हकप्रद सेयरवापतको हक अरु कसैलाई हस्तान्तरण गर्ने भएमा दरखास्त खुल्ला भएको सात दिन भित्र हक हस्तान्तरण गरी रकम जम्मा हुने व्यवस्था गर्नु पर्नेछ ।

आफ्नो व्यवसायसंग सम्बन्धित नियमन व्यवस्थाका कारण बाहेक अन्य कारणले हकप्रद सेयर जारी गर्नुपर्ने भएमा सो को कारण सहित पुँजी बृद्धिको उद्देश्य, बृद्धि गरिने रकम, हकप्रद सेयर प्रदान गरिने अनुपात तथा पूँजीको उपयोग सम्बन्धी विवरण समेतको ब्यहोरा खुलाई साधारण सभाबाट हकप्रद निष्काशन गर्ने सम्बन्धी प्रस्ताव पारित गरेको हुनुपर्नेछ । हकप्रद सेयर खुल्ला अवधिमा सम्पूर्ण सेयर बिक्री नभई बाँकी रहन गएमा त्यसरी बाँकी रहेको सेयरहरु खारेज गर्नु पर्नेछ ।

## फर्दर पब्लिक इस्यू

सार्वजनिक निष्काशन गरी सूचीकृत भैसकेका संगठित संस्थाले आफ्नो पुँजी वृद्धि गर्नुपरेमा त्यस्तो संस्थाले आफ्नो प्रबन्धपत्र नियमावलीमा सो सम्बन्धी व्यवस्था गरी नयाँ निष्काशन गर्ने सम्बन्धी संचालक समिति तथा साधारण सभाको निर्णय, विगत पाँच बर्षको लेखा परीक्षण भएको वित्तीय विवरण, नयाँ निष्काशनका लागि नियुक्त गरिएको निष्काशन तथा बिक्री प्रबन्धकसंग गरिएको सम्झौता, निष्काशन गरिने धितोपत्र प्रत्याभूती (अण्डरराइट) गरिएको भए प्रत्याभूतिकर्तासंग गरिएको सम्झौता सहित बोर्डमा निवेदन दिनुपर्नेछ । नयाँ निष्काशन पश्चात पुँजी संरचनामा हुने परिवर्तन तथा सञ्चालकहरुमा हुने परिवर्तनका बारेमा समेत प्रबन्धपत्र नियमावलीमा स्पष्ट व्यवस्था गरिएको हुनुपर्छ ।

> हकप्रद सेयर निष्काशनका लागि निवेदन दिएका संगठित संस्थाका संचालकहरुले आफूले लिनुपर्ने हकप्रद सेयर बराबरको रकम जम्मा गरिसकेपछि मात्र अन्य शेयरधनीका लागि हकप्रद सेयरको दरखास्त खुल्ला गर्नुपर्नेछ । तर संगठित संस्थाका संचालकले आफूले लिनुपर्ने हकप्रद सेयर नलिने भएमा सोको जानकारी समावेश गरेर अन्य सेयरधनीका लागि हकप्रद सेयरको दरखास्त खुल्ला गर्न सक्नेछ ।

## प्रिमियममा धितोपत्र निष्काशन

साधारण सेयर प्रिमियममा निष्काशन गर्ने भएमा कम्पनी सम्बन्धी प्रचलित कानुनले तोकेको अवस्थाहरु पुरा भएको सम्बन्धी विवरण, प्रिमियममा जारी गर्न चाहेको सेयरको मूल्य गणनाको विधि तथा आधारहरु निष्काशन तथा बिक्री प्रबन्धक मार्फत बोर्ड समक्ष पेश गर्नुपर्ने छ । बोर्डले उपयुक्त देखेमा अनुमति प्रदान गर्नेछ ।

## निष्काशन खुल्ला गरिसक्नुपर्ने अवधि

बोर्डबाट विवरणपत्र, बिक्री प्रस्ताव वा सम्बन्धित विवरण स्वीकृत भएको मितिबाट दुई महिनाभित्र संगठित संस्थाले धितोपत्रको बिक्री खुल्ला गरिसक्नुपर्ने छ । त्यसो गर्दा लामो सार्वजनिक बिदा पर्ने वा एकै समयमा धेरै धितोपत्र निष्काशन भएको अवस्था आउन नदिन सतर्कता अपनाउनुपर्ने छ ।

## बाँडफाँट गरिसक्नुपर्ने अवधि

सार्वजनिक निष्काशनका लागि खुल्ला गरिएको धितोपत्र बिक्री बन्द भएपछि एक लाखसम्म आवेदन भए ४० दिनभित्र, एक लाख एक देखि दुई लाखसम्म आवेदन भए ५० दिनभित्र, दुई लाख एक देखि तीनलाख सम्म आवेदन भए ६० दिनभित्र र तीन लाख एकदेखि माथि जतिसुकै भएपनि ७० दिनभित्र धितोपत्रको बाँडफाँट गरिसक्नु पर्नेछ । हकप्रद सेयर तथा ऋणपत्रको हकमा बिक्री बन्द भएको मितिले बढीमा तीस दिनभित्र बाँडफाँट गरी सम्बन्धित लगानीकर्ताहरुलाई बाँडफाँटपत्र र फिर्ता भुक्तानी दिनुपर्नेछ । धितोपत्र बाँडफाँट भएको पाँच दिनभित्र दरखास्तवालाहरुलाई बाँडफाँटपत्र र फिर्ता गर्नुपर्ने रकम भुक्तानी दिन शुरु गर्नुपर्नेछ । फिर्ता भुक्तानी गर्दा दरखास्तवालाले दरखास्त फाराम उल्लेख गरेको निजको खातामा जम्मा हुने गरी रकम फिर्ता भुक्तानी दिनुपर्नेछ ।

## संस्थापक र सञ्चालकले खरिद गर्न नपाउने

सार्वजनिक निष्काशन गर्न भनी छुट्याइएको धितोपत्र सम्बन्धित संस्थापक, संचालक वा प्रबन्ध संचालकले लिन पाउने छैन तर, त्यस्तो धितोपत्रको दरखास्त खुल्ला रहने भनी तोकिएको अवधिभित्र पूरा बिक्री नभएको अवस्थामा भने यो प्रतिवन्ध लागू हुने छैन । कर्मचारी तथा स्थानिय बासिन्दालाई धितोपत्र छुट्याइएको अवस्थामा सो छुट्याइएको धितोपत्रका लागि आवेदन गर्ने आवेदकले सार्वजनिक निष्काशन भएको धितोपत्र खरिदका लागि आवेदन गर्न पाउने छैन ।

## कर्मचारीका लागि सेयर

संगठित संस्थाले सर्वसाधारणलाई छुट्याएको सेयरमध्ये पचास जनासम्म कर्मचारी भएमा दुई प्रतिशत, एकाउन्न देखि सयजना सम्म कर्मचारी भएमा तीन प्रतिशत, एकसय एक देखि दुईसयसम्म कर्मचारी भएमा चार प्रतिशत र दुईसय एकभन्दा बढी जति कर्मचारी भए पनि पाँच प्रतिशत सेयर छुट्टाउनु पर्नेछ ।



बोर्ड कार्यालय रहेको भवन

## बोर्डको कार्यालय विजयचोक गौशालामा

नेपाल धितोपत्र बोर्डको कार्यालय थापाथलीबाट २०६६ बैशाख ६ गतेदेखि काठमाडौं गौशाला – विजयचोकमा सरेको छ । धितोपत्र बजार नियमन तथा सुपरीवेक्षण र लगानीकर्ता शिक्षा तथा जनचेतना अभिवृद्धिका क्रममा आफ्नो कार्य जिम्मेवारी बढ्दै गएपछि थापाथलीमा रहेको कार्यालय परिसर अपुग भएपछि बोर्ड हालको नयाँ स्थानमा सरेको हो । कार्यालय सरेपछि बोर्डमा हाल ४११०३२२, ४११०३२३, ४११०३२५, ४११०३२६, ४११०३४३, ४११०३२१ टेलिफोन नम्बर तथा ४११०३३४ फ्याक्स नम्बर उपयोगमा ल्याइएको छ ।

## नयाँ धितोपत्र विनिमय बजारको लागि आवेदन

धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत बोर्डले तर्जुमा गरी लागू गरेको धितोपत्र विनिमय बजार सञ्चालन नियमावली, २०६४ आएपछि नयाँ धितोपत्र विनिमय बजार सञ्चालन गर्न भनि विभिन्न तीन कम्पनीहरुले नेपाल धितोपत्र बोर्ड समक्ष आवेदन दिएका छन् । नयाँ धितोपत्र विनिमय बजारका लागि आवेदन दिने कम्पनीहरुमा काठमाडौं स्टक एक्सचेन्ज लि., नेपाल सेक्युरिटिज् एन्ड डेरिभेटिभ स्टक एक्सचेन्ज लि. र नेशनल स्टक एक्सचेन्ज लि. रहेका छन् ।

## बोर्डमा युनियनको निर्वाचन

नेपाल धितोपत्र बोर्ड कर्मचारी युनियनको दोस्रो अधिवेशन सम्पन्न भएको छ । प्रमुख अतिथिको रुपमा सो अधिवेशनलाई सम्बोधन गर्ने क्रममा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा.शूरवीर पौड्यालले यूनियनका नवनिर्वाचित पदाधिकारी एवं सदस्यहरुलाई बधाई दिदै धितोपत्र बजारको विकास र कर्मचारीहरुको हकहितमा बोर्ड युनियन निरन्तर लागि परेको बताउनु भयो । धितोपत्र बजार विकासको क्रममा आइपर्ने चुनौतिहरुको सामना गर्न युनियनले पनि उत्तिकै भूमिका खेल्न सक्ने बताउदै अध्यक्ष डा. पौड्यालले बोर्डको संस्थागत विकासका लागि समेत युनियन अगाडि वढोस् भन्ने शुभकामना दिनु भएको थियो । गत बैशाख २१ गते सम्पन्न सो अधिवेशनले युनियन कार्य समितिको अध्यक्षमा राजुवहादुर जिसी, उपाध्यक्षमा सुरज प्रधानाङ्ग, सचिवमा नवराज पण्डित, कोषाध्यक्षमा अनुज रिमाल तथा सदस्यमा मञ्जु उपाध्याय, भरत अर्याल, नहकुल भट्टराई, राजन थापा र राजन खतिवडालाई चयन गरेको हो । सो अवसरमा निर्वाचन अधिकृत एवं बोर्डका उप निर्देशक मुक्तिनाथ श्रेष्ठले नवनिर्वाचित पदाधिकारीहरुलाई पद तथा गोपनियताको सपथ गराउनु भएको थियो । अधिवेशनमा युनियनका अध्यक्ष राजुवहादुर जिसीले युनियनले गरेका गतिविधि एवं क्रियाकलापहरुको बारेमा उल्लेख गर्दै कर्मचारीको हकहित संरक्षण गर्नमा नेपालको ट्रेड यूनियन अधिकार र श्रम ऐनले दिएको अधिकार अन्तर्गत श्रम कार्यालयमा बोर्डको युनियनलाई दर्ता गरी आधिकारीक ट्रेड यूनियनको प्रमाणपत्रसमेत पाई सकेको जानकारी दिनुभयो । युनियनले कर्मचारीहरुका सामुहिक मागहरु बोर्ड ब्यवस्थापन समक्ष राख्दै आफ्ना मागहरु पुरा गराउन सामुहिक प्रयास थालिएको बताउदै जिसीले बोर्ड ब्यवस्थापन समक्ष ३६ बुंदे माग प्रस्तुत गरी माग पूरा गराउन युनियनले विभिन्न प्रयासहरु गरेको बताउनुभयो ।

यूनियनले UNI APRO-SASK Finland र NTUC को संयुक्त आयोजनामा भएको Trade union in Nation Rebuilding विषयक दुई दिने कार्यक्रम, Workshop on Organizing & Capability Building for Insurance Sector गोष्ठी, Organizers Education Course तालिम, National Evaluation & Planning Workshop, Empowerment Course for Youth तालिम, परिवर्तित राजनैतिक अवस्था र ट्रेड युनियन आन्दोलन विषयक तीन दिने कार्यशाला गोष्ठीमा युनियनका पदाधिकारी तथा सदस्यहरुलाई सहभागि गराएको थियो । साथै नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय समितिको निर्वाचन र ट्रेड युनियन कांग्रेसको जिल्ला, क्षेत्रीय र केन्द्रीय निर्वाचनमा प्रतिनिधी पर्यवेक्षकको रुपमा समेत युनियन सहभागि भएको थियो ।



युनियनका नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमाणपत्र प्रदान गर्दै डा. पौड्याल।

## नयाँ नियमावली आएपछिका मर्चेन्ट बैंकरहरु

धितोपत्र ब्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ लागू भएपछि नयाँ अनुमतिपत्र प्राप्त गर्ने मर्चेन्ट बैंकरहरुको संख्या नौं रहेको छ । नेपाल धितोपत्र बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ११६ अन्तर्गत सो नियमावली तयार गरी लागू गरेको हो । धितोपत्र ब्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ लागू हुनुभन्दा अगाडि बोर्डबाट सो किसिमको अनुमतिपत्र पाउने मर्चेन्ट बैंकरहरुको संख्या भने आठ रहेको छ । नयाँ नियमावली लागू भएपछि मर्चेन्ट बैंकरको अनुमतिपत्र पाउने मर्चेन्ट बैंकरहरुमा जमल, काठमाडौंको एलिट क्यापिटल लि., डिल्लीबजार , काठमाडौंको नेपाल हाउसिङ्ग एन्ड मर्चेन्ट फाइनान्स लि., त्रिपुरेश्वर, काठमाडौंको भिबोर विकास बैंक लि., कमलादी, काठमाडौंको डेभलपमेन्ट क्रेडिट बैंक लि., कमलादी, काठमाडौंको नेपाल श्रीलंका मर्चेन्ट बैंकिङ्ग एन्ड फाइनान्स लि., सोल्टीमोड, काठमाडौंको सिभिल क्यापिटल मार्केट लि. र रुपन्देही, लुम्बिनीको तिनाउ विकास बैंक लि., पुतलीसडक, काठमाडौंको इन्भेष्टमेन्ट म्यानेजमेन्ट मर्चेन्ट बैंकर लि. र कृष्ण गल्ली, ललितपुरको विड इन्भेष्ट लि. रहेका छन् ।

### हाल कायम मर्चेन्ट बैंकरहरु

| क्र.स. | कम्पनी | निष्काशन तथा लगानी बिक्री प्रबन्ध | सेयर रजिष्ट्रार | अन्डर राइटर | लगानी ब्यवस्थापक |
|---|---|---|---|---|---|
| १ | नेशनल फाइनान्स कं. लि. | ✓ | | | |
| २ | एस डेभलपमेन्ट बैंक लि. | ✓ | ✓ | ✓ | ✓ |
| ३ | एनआईडिसी क्या. मार्केट्स लि. | ✓ | ✓ | ✓ | ✓ |
| ४ | एनएमवि बैंक लि. | ✓ | ✓ | ✓ | ✓ |
| ५ | नेपाल सेयर मार्केट्स एन्ड फा लि. | ✓ | ✓ | ✓ | ✓ |
| ६ | युनाइटेड फाइनान्स लि. | ✓ | ✓ | ✓ | ✓ |
| ७ | नागरिक लगानीकोष | ✓ | ✓ | | |
| ८ | नेपाल फाइनान्स कं. लि. | ✓ | ✓ | | |
| ९ | एलिट क्यापिटल लि*. | ✓ | ✓ | | |
| १० | भिबोर विकास बैंक लि*. | ✓ | ✓ | ✓ | ✓ |
| ११ | डिसिविएल बैंक लि*. | ✓ | ✓ | ✓ | ✓ |
| १२ | नेपाल श्रीलंका मर्चेन्ट बैंकिङ्ग एन्ड फा. लि* | ✓ | ✓ | ✓ | |
| १३ | नेपाल हाउसिङ्ग एन्ड मर्चेन्ट फा. लि*. | ✓ | ✓ | | |
| १४ | सिभिल क्यापिटल मार्केट्स लि*. | ✓ | ✓ | | |
| १५ | तिनाउ विकास बैंक लि*. | ✓ | ✓ | | |
| १६ | इन्भेष्टमेन्ट म्यानेजमेन्ट मर्चेन्ट बैंकर लि*. | ✓ | ✓ | ✓ | ✓ |
| १७ | विड इन्भेष्ट लि*. | | | | ✓ |

** नयाँ नियमावली लागू भएपछि अनुमतिपत्र प्राप्त गर्ने मर्चेन्ट बैंकरहरु*

२०६६ असार मसान्तसम्ममा बोर्डबाट मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न अनुमतिपत्र पाउने १७ मर्चेन्ट बैंकरहरु मध्ये १५ संगठित संस्थाले निष्काशन तथा बिक्री प्रबन्ध तथा सेयर रजिष्ट्रेशन कार्यको अनुमति लिएका छन् भने नेशनल फाइनान्स कम्पनी लि. ले निष्काशन तथा बिक्री प्रबन्ध र विड इन्भेष्ट लि. ले लगानी ब्यवस्थापनको मात्र अनुमति लिएको छन् ।

## धितोपत्र दलालको कारोवार फुकुवा गरिएको

दुई धितोपत्र दलाल व्यवसायमा एकै व्यक्तिको सेयर स्वामित्व रहेको देखिएकाले नेपाल इन्भेष्टमेन्ट एन्ड सेक्युरिटिज् ट्रेडिङ्ग प्रा.लि. लाई धितोपत्र खरिद बिक्री गर्न रोक लगाइएकोमा नेपाल धितोपत्र बोर्डले सोको फुकुवा गरिदिएको छ । धितोपत्र सम्बन्धी ऐन नियमको उल्लंघन भएको देखिएकाले बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा १०१ को ब्यवस्था बमोजिम उक्त कम्पनीका सञ्चालकलाई एक लाख रुपैयाँ जरिवाना समेत गरेको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गतको धितोपत्र ब्यवसायी (धितोपत्र दलाल, धितोपत्र ब्यापारी, बजार निर्माता) नियमावली, २०६४ को नियम ११ को उपनियम (३) बमोजिम कुनै पनि ब्यक्तिले एक भन्दा बढी धितोपत्र दलाल कम्पनीको सेयर स्वामित्व लिन नपाउने ब्यवस्था रहेको छ । नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग प्रा. लि. का संचालकको त्रिशुल सेक्युरिटिज एण्ड इन्भेष्टमेन्ट लि. मा समेत सेयर स्वामित्व रहेको थियो । बोर्डले धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा धितोपत्र बोर्ड सम्बन्धी नियमावली, २०६४ बमोजिम नेपाल इन्भेष्टमेन्ट एण्ड सेक्युरिटिज ट्रेडिङ्ग प्रा. लि. लाई मिति २०६५।१०।२० देखि धितोपत्र खरिद बिक्री गर्न रोक लगाइ कारवाही प्रकृया अगाडी बढाएको थियो ।

## मर्चेन्ट बैंकिङ्गका लागि सहायक कम्पनी खोल्नुपर्ने

बैंक तथा वित्तीय संस्थाहरुले मर्चेन्ट बैंकिङ्ग व्यवसाय आफ्नो सहायक कम्पनी मार्फत गर्नुपर्ने गरी नेपाल राजपत्रमा सूचना प्रकाशन गर्न नेपाल धितोपत्र बोर्डले अर्थ मन्त्रालयमा सिफारिस गरेको छ । धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ६२ को व्यवस्था अनुसार बैंक तथा वित्तीय संस्थालाई समेत मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न पाउने गरी अनुमतिपत्र प्रदान गरिएकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को व्यवस्था र नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार बैंक तथा वित्तीय संस्थाले अर्को बैंक तथा वित्तीय संस्थाको सेयर स्वामित्व ग्रहण गर्न नपाउने कानुनी व्यवस्था रहेकोमा त्यस्ता व्यवसायीहरुले स्वतन्त्र रुपमा मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न नपाउँदा बोर्डले सो सिफारिस गरेको हो । बैंक तथा वित्तीय संस्थाहरुले छुट्टै सहायक कम्पनी मार्फत मर्चेन्ट बैंकिङ्ग व्यवसाय नगर्दा बजारमा आउने अनुचित उतारचढाव नियन्त्रण गर्न र लगानीकर्ताको हित संरक्षण गर्न कठिनाई उत्पन्न भइरहेको छ । मर्चेन्ट बैंकिङ्ग व्यवसाय सहायक कम्पनीहरु मार्फत भएपछि बोर्डको निरीक्षण र अनुगमन कार्य प्रभावकारी हुनुका साथै त्यस्ता व्यवसायीहरु पूर्ण व्यवसायिक हुन सहयोग पुग्नेछ ।

## म्युचुअल फन्ड ऐन अन्तिम चरण

अर्थमन्त्रालयका सह-सचिव भेषराज शर्माको संयोजकत्वमा गठित कार्यदलले सामुहिक लगानी योजना (म्युचुअल फन्ड) ऐनको मस्यौदालाई अन्तिम रुप दिएर स्वीकृतिका लागि मन्त्रिपरिषदमा गएको छ । सो मस्यौदा ऐन बन्न मन्त्री परिषद हुँदै संसदबाट पास हुनुपर्छ । पुँजी बजारको विकासका लागि सामुहिक लगानी कोष (म्युचुअल फन्ड) महत्वपुर्ण हुने हुँदा नेपालमा म्युचुअल फन्डको स्थापना गर्ने कानुनी व्यवस्थाका लागि नेपाल धितोपत्र बोर्डले पहल गरेको हो । सामुहिक लगानी कोष योजनाले सर्वसाधारणसंग छरिएर रहेको निष्कृय बचतलाई विभिन्न वित्तीय औजारहरुमा दक्ष रुपमा लगानी हुन सघाउ पुऱ्याउने हुँदा साना लगानीकर्ताहरुको लागि सामुहिक लगानी कोष योजनालाई अत्यन्त उपयुक्त लगानीको साधन मानिन्छ ।

# धितोपत्रको दोस्रो बजार

२०६६ असार मसान्तमा धितोपत्रको दोश्रो बजार कारोबारको कुल बजार पुँजीकरण मूल्य रु. ५ खर्व १२ अर्व ४१ करोड २८ लाख रहेको छ । २०६५ भाद्र मसान्तमा सो मूल्य रु. ५ खर्व ८ अर्व ८० करोड ७० लाख ८ हजार रहेको थियो जुन अहिले सम्मको सबैभन्दा अधिकतम बजार पुँजीकरण मूल्य हो । चालु आर्थिक वर्षको श्रावण महिनामा सो मूल्य ४ खर्व २३ अर्व ६७ करोड ४१ लाख थियो । बजार पुँजीकरण श्रावण महिनामा कम भै भाद्र महिनामा बढ्दै त्यस पछि क्रमश घटेर २०६५ माघ महिनामा सो अंक रु. ३ खर्व ८८ अर्व ८१ करोड ४७ लाखमा झरेकोमा चालु आर्थिक वर्षको असार मसान्तसम्ममा यो विस्तारै बढ्दै आएको छ । धितोपत्र कारोबारको औषत मूल्य देखाउन प्रयोग गरिने NEPSE परिसूचक २०६५ साउनमा १०८४.७६ अंक पुग्यो जुन साउन देखि असार मसान्तसम्मकै सबै भन्दा अधिकतम हो । २०६६ असार मसान्तमा नेप्से परिसूचक ७४९.११ अंकमा रहेको थियो । २०६६ असार मसान्तसम्ममा नेपाल स्टक एक्सचेन्ज लि. मा धितोपत्र कारोबारका लागि सूचीकृत हुने संगठित संस्थाहरुको संख्या १५८ पुगेको छ ।







## लगानीकर्ताको लागि प्रशिक्षण

सर्वसाधारण लगानीकर्ताहरुको हितलाई ध्यानमा राखी नेपाल धितोपत्र बोर्डले प्रत्येक हप्ताको आइतबारदेखि बिहिबार (हरेक दिन दिउसो ३.३० देखि ५.०० बजेसम्म) नियमित रुपमा प्रारम्भिक स्तरको लगानीकर्ता प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेको छ। सो प्रशिक्षण कार्यक्रममा सहभागि हुन चाहने सर्वसाधारण लगानीकर्ताहरुको लागि रजिष्ट्रेशन खुला गरिएको छ ।



प्रारम्भिक स्तरको लगानीकर्ता प्रशिक्षण कार्यक्रमका सहभागी सर्वसाधारण लगानीकर्ताहरु ।

## बाझिएका कानुनी व्यवस्थाका लागि समन्वय

बैंक तथा वित्तीय संस्थाहरुलाई नियमन तथा सुपरिवेक्षण गर्न बनेका कानुनी व्यवस्थाहरु धितोपत्र बजार सम्बन्धी कानुनी व्यवस्थाहरुसंग बाझिएकाले सो को समन्वय गर्न नेपाल राष्ट्र बैंक र नेपाल धितोपत्र बोर्ड बीचमा एक कार्यदल गठन हुने भएको छ । एक आपसमा बाझिएका कानुनी व्यवस्थाहरुले धितोपत्र बजारका व्यवसायी एवं लगानीकर्ता र मौद्रिक क्षेत्रका बैंक तथा वित्तीय संस्थाहरु मर्कामा परेपछि सो कार्यदल बनाएर समन्वय गर्ने निर्णय भएको हो । धितोपत्र बजारको नियमन निकायको रुपमा नेपाल धितोपत्र बोर्ड र बैंक तथा वित्तीय संस्थाहरुको नियमक निकायको रुपमा नेपाल राष्ट्र बैंक रहेको छ ।

## कर्मचारी पुरस्कृत


नवराज अधिकारी


सुरज प्रधानाङ्ग

नेपाल धितोपत्र बोर्डले आफ्नो १७ औं बार्षिकोत्सव कार्यक्रममा बर्षभरिमा उत्कृष्ठ कार्य सम्पादन गरे बापत दुई कर्मचारीलाई पुरस्कृत गरेको छ । पुरस्कृत हुने कर्मचारीहरुमा बोर्डका उप निर्देशक नबराज अधिकारी तथा वरिष्ठ सहायक सुरज प्रधानाङ्गलाई सो अवसरमा बोर्डका अध्यक्ष डा. शूरवीर पौड्याललले जनही नगद रु. २५ हजार सहित दोसल्ला ओढाएर सम्मान गर्नु भएको थियो ।

## नागरिक लगानीकोषलाई सचेत

प्राइम कमर्शियल बैंकको साधारण सेयर निष्काशनका क्रममा एउटै नम्बरका धेरै आवेदन फर्महरु बजारमा भेटिएको समाचार आएपछि सो सम्बन्धमा बोर्डले छानबिन गर्दा उक्त निष्काशन कार्यको निष्काशन तथा बिक्री प्रबन्ध गरेको नागरिक लगानी कोषलाई सचेत गराइएको छ ।

## सिडिएस स्थापनाको पहल

धितोपत्र बजारको महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको सेन्ट्रल डिपोजेटरी सिस्टम (सिडिएस) स्थापनाका लागि नेपाल सरकार, अर्थ मन्त्रालयले गठन गरेको सिडिएस कमिटीमा नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्याललाई संयोजक तोकेको छ । सो कमिटीको सदस्यमा नेपाल स्टक एक्सचेन्जका महाप्रबन्धक शंकरमान सिंह, नागरिक लगानी कोषका प्रमुख कार्यकारी ऋषिराम गौतम, कर्जा सूचना केन्द्रका प्रमुख अनिलचन्द्र अधिकारी र कानुन विज्ञको रुपमा सुजीव शाक्यलाई तोकिएको छ । सिडिएस स्थापनाका लागि नेपाल धितोपत्र बोर्डको पहलमा सो कमिटिले केन्द्रीय निक्षेप प्रणाली नियमावलीको मस्यौदा तयार गरी स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाएको छ । बोर्डका अध्यक्ष डा. पौड्यालको संयोजकत्वमा रहेको सो समितिले सिडिएस स्थापनाका लागि आवश्यक पहल गरिरहेको छ । यसैक्रममा बोर्डका अध्यक्ष डा. शूरवीर पौड्याल र नेपाल स्टक एक्सचेन्जका महाप्रबन्धक शंकरमान सिंहले भारतिय राजदूतावासका अधिकारीलाई भेटेर सिडिएस स्थापनाका लागि आर्थिक र प्राविधिक सहायता उपलब्ध गराईदिन अनुरोध गर्नु भएको छ । सिडिएस स्थापनाको सम्बन्धमा नेपाल धितोपत्र बोर्डको पहलमा सम्बन्धित सरोकारवालाहरु वीच छलफल गराउने कार्य भएको छ भने संस्थापकहरुको पहिचानका सम्बन्धमा अर्थ मन्त्रालयसंग छलफल भएको छ । सो समितिले अर्थ मन्त्रालयका प्रतिनिधी सम्मिलित एक कार्यदलाई बम्बै क्यापिटल मार्केट र डिपोजिटरी कम्पनीहरुको अवलोकन भ्रमण गर्न भारत पठाएको थियो र सो कार्यदलको सुझाव बमोजिम सिडिएस नियमावलीको तर्जुमा र परिमार्जन गरिएको छ ।


सेबोन अध्यक्ष डा. शूरवीर पौड्याल र सेबी अध्यक्ष सि.वि. भावे ।

## बोर्डका अध्यक्षको भारत तथा श्रीलंकाको अवलोकन भ्रमण

१५ मार्च २००९ देखि २९ मार्च २००९ सम्म नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालको नेतृत्वमा गएको टोलीले भारत तथा श्रीलंकाको धितोपत्र बजारको बारेमा अवलोकन भ्रमण गरेर फर्किएको छ । सो टोलीमा बोर्डका अध्यक्ष डा. पौड्याल, उप निर्देशक नबराज अधिकारी तथा उप निर्देशक मेखबहादुर थापा सम्मिलित हुनुहुन्थ्यो । पुँजी बजारको अत्यन्तै महत्वपुर्ण पूर्वाधार मानिने डिपोजेटरी, म्युचुअल फन्ड आदिको स्थापना एवं यिनीहरुलाई सरकारी निकायसंग कसरी समन्वय गर्ने र सार्क मुलुकका अन्य धितोपत्र नियमक निकायहरुको दृष्टिकोण तथा उनीहरुले अपनाएका कानुनी एवं अन्य व्यवस्थाका बारेमा बुझ्ने उद्देश्यले सो भ्रमण गरिएको हो ।

## नेशनल हाइड्रोको हकप्रद सेयर वितरणको छानविन

नेशनल हाइड्रोपावर कम्पनीले हकप्रद सेयर जारी गर्दा बिक्री नभएर बाँकी रहेका हकप्रद सेयरहरुका सम्बन्धमा बोर्डमा उजुरी परेपछि बोर्डका सञ्चालक तथा अर्थ मन्त्रालयका सह-सचिव लालमणि जोशीको संयोजकत्वमा एक समिति गठन गरि छानविन कार्य अगाडि बढाईएको छ । सो समितिमा बोर्ड सदस्य तथा नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाका उपाध्यक्ष सुबोधकुमार कर्ण तथा अर्को बोर्ड सदस्य सिताराम थपलिया र नेपाल धितोपत्र बोर्डका उप निर्देशक मुक्तिनाथ श्रेष्ठ सदस्य रहनु भएको छ । हकप्रद सेयर निष्काशन गर्दा बाँकी रहेका २३ लाख ६३ हजार ४ सय ३१ कित्ता सेयर नियम विपरित बाँडफाँट गरिएको उक्त उजुरीमा उल्लेख छ ।


दीपकराज काफ्ले

# बोर्डको तालिम विज्ञमा काफ्ले

नेपाल धितोपत्र बोर्डले तालिम विज्ञको रुपमा दीपकराज काफ्लेलाई नियुक्ती गरेको छ । धितोपत्र व्यवसायी तथा सर्वसाधारण लगानीकर्ता एवं अन्य सरोकारवाला पक्षहरुलाई धितोपत्र बजार सम्बन्धि तालिम कार्यक्रमको अवधारणा तथा मोडुलहरु एवं पाठ्यक्रम समेत तयारी गर्न उहाँलाई नियुक्ती गरिएको हो । काफ्ले नेपाल धितोपत्र बोर्डका पूर्व कार्यकारी अध्यक्ष समेत हुनुहुन्थ्यो ।

निज काफ्लेले नेदरल्याण्डको म्यास्ट्रिच स्कुल अफ म्यानेजमेन्टबाट एडभान्स फाइनान्सियल म्यानेजमेन्टमा पोष्ट ग्रेजुयट डिप्लोमा, इन्डियाको युनिर्भसिटी अफ कोचिनबाट एम.वि.ए. र त्रिभुवन विश्वविद्यालयबाट एम ए गर्नुभएको छ । सन् २००४ सेप्टेम्बर देखि अगस्ट २००७ सम्म नेपाल धितोपत्र बोर्डका कार्यकारी अध्यक्ष रहनु भएका काफ्ले त्यस अधिका नौ वर्ष बोर्डको निर्देशक एवं तत्कालिन धितोपत्र खरिद बिक्री केन्द्र तथा हालको नेपाल स्टक एक्सचेन्जमा कार्यकारी अधिकृत समेत हुनुहुन्थ्यो । पुँजी बजार, अर्थशास्त्र लगायतका विषयमा राष्ट्रिय अन्तर्राष्ट्रिय सेमिनार एवं गोष्ठीहरुमा सहभागि हुनुभएका काफ्लेले विभिन्न २५ भन्दा बढी अनुसन्धानात्मक कार्य समेत गर्नु भएको छ ।

विश्वका १६ देशहरु भ्रमण गर्नुभएका काफ्लेका भारतीय जर्नलहरुमा समेत लेखहरु प्रकाशित भएका छन् । तीन दशकभन्दा लामो अनुभवका दौरानमा उहाँ धितोपत्र बजार सम्बन्धी विभिन्न ऐन, कानुनहरुको मस्यौदा तयारीमा सहभागि हुनुन्छ भने हाल उहाँले विभिन्न संघ संस्थाहरुमा म्यानेजमेन्ट एवं कानुनी सल्लाहकारको रुपमा समेत कार्य गर्दै आउनुभएको छ ।



सिभिल क्यापिटल मार्केट लि. को उद्घाटन गर्दै बोर्ड अध्यक्ष डा. पौड्याल

## अध्यक्षबाट नयाँ मर्चेन्ट बैंकरको उद्घाटन

नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. शूरवीर पौड्यालले धितोपत्र बजारमा नयाँ नयाँ मर्चेन्ट बैंकरहरु थपिनु व्यवसायीहरुको व्यवसायिकतामा बृद्धि हुनु हो भन्ने विचार व्यक्त गर्नु भएको थियो । नेपाल धितोपत्र बोर्डबाट मर्चेन्ट बैंकिङ्ग व्यवसाय गर्न अनुमतिपत्र प्राप्त सिभिल क्यापिटल मार्केट लि. को उद्घाटन गर्दै बोर्ड अध्यक्ष डा. पौड्यालले धितोपत्र बजारको विकास र विस्तारका लागि नयाँ नयाँ नियमहरुको तर्जुमा र आवश्यक पूर्वाधार विकासमा जोड दिएको बताउनु भयो । सिभिल क्यापिटल मार्केट लि. बोर्डबाट मर्चेन्ट बैंकरको रुपमा अनुमतिपत्र पाउने १५ औं संस्था हो ।

## बोर्डको जग्गा स्वीकृतिको चरणमा

नेपाल धितोपत्र बोर्डको आफ्नै कार्यालय भवन निमार्णका लागि अर्थ मन्त्रालयले उपलब्ध गराएको जग्गा स्वीकृतिका लागि मन्त्री परिषद सचिवालयमा पुगेको छ । अर्थ मन्त्रालयले सातदोबाटो स्थित नेपाल ढलोट कारखाना रहेको जग्गा बोर्डको भवन निर्माणको लागि उपलब्ध गराउन लागेको हो ।

# सेफ सदस्यमा नेपाल स्टक एक्सचेन्ज

साउथ एशियन फेडरेसन अफ एक्सचेन्ज (सेफ) मा नेपाल स्टक एक्सचेन्ज लि. कार्यकारी समिति सदस्यमा निर्वाचित भएको छ । सेफमा नेपाल स्टक एक्सचेन्ज लि. का महाप्रबन्धक शंकरमान सिंहले प्रतिनिधित्व गर्नु भएको छ ।

युनाईटेड अरव एमिरेट्सको अवुधावीमा हालै सम्पन्न आठौं साधारण सभाले कराँची स्टक एक्सचेन्ज लि. पाकिस्तानका अदनान अफ्रिदीको अध्यक्षता तथा चीटगाव स्टक एक्सचेन्ज लि. वंगलादेशका फाखुर उद्दीन अली अहमद, मल्टी कमोडिटिज् एक्सचेन्ज अफ इन्डिया लि. भारतका जोसेफ मेसी, अवुधावी सेक्युरिटिज् एक्सचेन्ज, युएइका रसीद ए एल बालुसी, नेशनल क्लियरिङ्ग कम्पनी अफ पाकिस्तानका मोहम्मद लुक्मान र नेपाल स्टक एक्सचेन्ज लि.का शंकरमान सिंहको सदस्यतामा नयाँ कार्यकारी समिति गठन गरेको हो । दक्षिण एशियामा सञ्चालित स्टक एक्सचेन्ज तथा पुँजी बजार सम्बन्धी संस्थाहरुको पहलमा स्थापित सेफमा हाल भारत, पाकिस्तान, युएई, श्रीलंका, बंगलादेश, नेपाल, भुटान, मालदिभ्स र मौरिससका २३ संस्थाहरु सदस्य रहेका छन् । साधारण सभाको अवसरमा सेफले सदस्य स्टक एक्सचेन्जमा सूचिकृत एक सय कम्पनी समेटेर डाउजोन्स १०० इन्डेक्स पनि सार्वजनिक गरेको नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइटमा उल्लेख गरिएको छ । सदस्य संस्थाहरु वीच प्रविधि तथा जनशक्ति विकासमा स्रोत एवं ज्ञानको आदानप्रदान गर्ने एवं क्रस बोर्डर लिस्टिङ्ग र ट्रेडिङ्ग गर्ने सेफको मुख्य उद्देश्य रहेको छ । सेफले यसको लागि आवश्यक पुर्वाधारको तयारी गरिरहेको छ ।

## आवेदन फर्म हराएकोमा छानविन

सनराईज बैंक लिमिटेडका लागि IPO निष्काशन गर्ने क्रममा निष्काशन तथा बिक्री प्रबन्धक कहाँ बुझाएको ४७ आवेदन फर्महरु अनाधिकृत रुपमा बजारमा फेला परेपछि बोर्डले सो सम्बन्धमा छानविन गर्न बोर्डका उप निर्देशक मुक्तिनाथ श्रेष्ठको संयोजकत्वमा एक टोली गठन गरि अनुसन्धान गरी बोर्डको कानुन प्रवलीकरण समिति (Legal Enforcement Committee) लाई प्रतिवेदन बुझायो । सो कमिटिले सिफारिस गरेको आधारमा बोर्डले एनएमवि बैंकलाई कारवाही गरेको छ । सनराइज बैंकको सो निष्काशन तथा बिक्री प्रबन्ध गर्ने जिम्मेवारी एनएमवि बैंकले पाएको थियो ।

## सेयर मुल्यांकनमा सेवा शुल्क

लगानीकर्ताहरुले सेयर मूल्यांकन गराउदा सेयरको बजार मूल्य अनुसारको सेवा शुल्क बुझाउन नेपाल स्टक एक्सचेन्ज लि. ले आग्रह गरेको छ । आफ्नो वेभसाइट मार्फत् सार्वजनिक गरेको सो निर्णय अनुसार रु. दस लाखसम्मको बजार मुल्यमा रु. पाँच सय सेवा शुल्क लाग्नेछ भने दस लाखदेखि ५० लाखसम्मको बजार मुल्यमा रु. एक हजार, ५० लाखदेखि एक करोडसम्मको बजार मुल्यमा रु. एक हजार पाँच सय र एक करोड भन्दा माथि रु. दुई हजार सेवा शुल्क बुझाउनु पर्नेछ ।

# समग्र पुँजीबजारको विकासको लागि कटिवद्ध छु

– डा. शूरवीर पौड्याल, अध्यक्ष, नेपाल धितोपत्र बोर्ड

**नेपाल धितोपत्र बोर्डको अध्यक्ष पदमा नियुक्ती भएर करिव छ महिना पुरा गरी सक्नु भएको छ । यस वीचमा यहाँको अनुभव कस्तो रहयो ?**

आर्थिक क्षेत्रको एक जिम्मेवार व्यक्ति भएकाले अर्थतन्त्रसंग सरोकार राख्ने महत्वपुर्ण अंग मानिने पुँजी बजारको नियमन निकायको नेतृत्व गर्ने जिम्मेवारी पाउँदा मैले यसलाई धितोपत्र बजारको विकास र प्रर्वद्धनका लागि योगदान दिने अवसर प्राप्त भएको मैले ठानेको छु । एक्लो प्रयासले केही नहुने भएबाट मेरो यो प्रयासमा अर्थ मन्त्रालयका पदाधिकारीहरु, बोर्डका कर्मचारीहरु एवं धितोपत्र बजारका सरोकारवाला पक्षहरु सवैबाट उत्तिकै सहयोग चाहिन्छ ।

**यहाँले नेपाली धितोपत्र बजारको हालको अवस्थालाई कसरी नियालीरहनु भएको भन्ने लागेको छ ?**

नेपालको धितोपत्र बजार भर्खरै वामे सर्दै गरेको अवस्थामा रहेकाले यसलाई सवल ढंगबाट अगाडि बढाई देशको आर्थिक विकासमा योगदान पुर्‍याउन सकिन्छ भन्ने कुरा सरोकारवाला सवैलाई बुझाउनु पर्ने देखेको छु। यस बारेमा सवै पक्षमा ज्ञानको अभाव पाएको छु । धितोपत्र बजार आज जस्तो अल्पविकसित अवस्थामा सुधार ल्याई यसलाई सबै नियमन निकाय, लगानीकर्ता, धितोपत्र दलाल व्यवसायी, बिक्री प्रबन्धक लगायतका सबैको सामुहिक प्रयासबाट अझ अगाडि लैजानु पर्छ । बजारको उचित विकास हुन सक्यो भने यसका विभिन्न औजारहरुको प्रयोग गरी धितोपत्रमा लगानीको अवसरलाई विस्तारित गर्न सकिन्छ ।

**धितोपत्र बजारको नियमन निकायको प्रमुखको रुपमा धितोपत्र बजारमा रहेका कमिकमजोरी एवं विसंगतिहरुलाई हटाउन वा न्यून गर्ने सम्बन्धमा यहाँको कस्तो सोच रहेको छ ?**

धितोपत्र बजार हल्ला र गलत सूचना प्रवाहबाट प्रभावित हुनु हुदैन । बजारलाई उचित किसिमले नियन्त्रण र नियमन गराउनु बोर्डको काम हो । बजारमा चल्ने नकारात्मक हल्लाबाट सर्वसाधारण लगानीकर्ताहरु प्रताडित हुनु हुदैन । यस किसिमको अवस्थामा व्यापक सुधार गर्नुपर्ने हुन्छ । लगानीकर्ताको हित र उनीहरु सूसुचित भई लगानी सम्बन्धी निर्णय गर्न सवल बनाउनका लागि बोर्ड सधैं लाग्नु पर्ने हुन्छ र लागिरहन्छ । बजारका त्यस्ता हल्ला एवं विसंगतिहरु प्रति बोर्ड गम्भीरताका साथ आफ्ना ऐन, नियमहरुमा संशोधन लगायत बजार विकासका लागि आवश्यक अन्य कार्यहरु गर्ने कार्यमा तीव्रतासाथ लागेको छ ।

**नियमन निकायको रुपमा धितोपत्र बजारको विकास र प्रवर्द्धनका लागि बोर्डले आफ्ना क्रियाकलापहरुलाई कसरी अगाडि वढाईरहेको छ ?**

"बोर्डले सेन्ट्रल डिपोजेटरी सिस्टम (सिडिएस)को स्थापनाका लागि आवश्यक कदम चालिसकेको छ भने आधुनिक बजारमा सर्वसाधारण लगानीकर्ताहरुको लगानी सहभागिताको अंश निकै कम हुने हुनाले उनीहरुको संरक्षणका लागि सामुहिक लगानी योजना सम्बन्धी ऐन बनाएर स्वीकृतिका लागि मन्त्रालय पठाई सकिएको छ ।"

विद्यमान ऐन तथा कानुनहरुमा भएका कमि कमजोरीहरुलाई सच्चाएर बजार विकासमा अगाडि वढ्नु पर्ने भएकाले बोर्ड त्यस्मा लागिसकेको छ । आफ्नो नियमन क्षमतामा वृद्धि गर्न बोर्डको कर्मचारी संख्या, उनीहरुको क्षमता अभिवृद्धि, संगठन संरचनामा परिवर्तन, बजारमा लगानी साधनको विविधिकरणमा वृद्धि ल्याउन अनुसन्धान एवं दक्ष जनशक्तिको लागि उचित सुविधाहरुको व्यवस्था गर्नुपर्ने अवस्था छ । बोर्ड यसमा कटिवद्ध रहेको छ ।

**सर्वसाधारण लगानीकर्ताहरुको हितका लागि बोर्डले के कस्ता नीति तथा कार्यक्रमहरु अगाडि सारेको छ ?**

बोर्डको सवैभन्दा मुख्य चासोको विषय नै सर्वसाधारण लगानीकर्ताको हित कसरी गर्न सकिन्छ भन्ने हो। यसको लागि बोर्डले लगानी सम्बन्धी ज्ञान अभिवृद्धि गराउन लगानीकर्ता प्रशिक्षण कार्यक्रम, मर्चेन्ट बैंकर, धितोपत्र दलालहरुलाई प्रचलित कानुनी व्यवस्था एवं उनीहरुले सेवाग्राहीलाई पुर्‍याउनु पर्ने सेवा आदिका बारेमा सचेत गराउन समय समयमा विभिन्न किसिमका कार्यक्रमहरु निरन्तर रुपमा गर्ने कार्य यही जेठ २४ गतेबाट सुरु गरिसकिएको छ ।

**पछिल्लो समयमा सेयर लगानी प्रतिको आकर्षण वढेको छ । यसलाई यहाँले कसरी हेर्नु भएको छ ?**

पछिल्लो समयमा सर्वसाधारणहरुमा सेयर सम्बन्धी जानकारी तथा चेतनाको स्तरमा वृद्धि भएको कारणले नेपाली धितोपत्र बजारले केही गति लिएर अगाडि वढी रहेको छ । तर धितोपत्र बजारमा सधैं नाफा मात्रै हुन्छ भन्ने हिसावले मात्रै लाग्नु हुदैन कि बजारमा कहिले घाटा समेत व्यहोर्नुपर्छ भन्ने बुझ्न जरुरी छ । बजारमा प्रवेश गर्दा आफूमा कमसेकम बजारका सामान्य गतिविधि, संस्थागत क्षेत्र एवं बजार घटनाहरुलाई बुझ्न र विश्लेषण गर्न सक्ने हुनुपर्छ ।

**सार्क क्षेत्रका धितोपत्र बजारको तुलनामा नेपाली धितोपत्र बजारको अवस्थालाई कसरी नियाल्नु भएको छ ?**

नेपालको धितोपत्र बजार विकसित देशको तुलनामा त निकै पछाडि छ तर सार्क मुलुकहरुमा रहेको धितोपत्र बजारको तुलनामा पनि पछाडि नै छ । सार्क मुलुकमा नेपाल सवैभन्दा पछाडि छ । नेपाल बाहेकका सवै देशमा केन्द्रीय निक्षेप प्रणाली स्थापित भैसकेको छ । धितोपत्र बजार विकासका निम्ति सिडिएस वा केन्द्रीय निक्षेप प्रणाली एकदमै आवश्यक छ । धितोपत्र बजारले आर्थिक वृद्धिमा पुर्‍याउने योगदानलाई पनि उच्च मूल्यांकन गरिन्छ । नेपाल जस्तो देशमा त यसको विकासलाई गरिवी निवारण, समावेशी विकास, दिगो विकाससंग पनि जोडेर अघि वढ्नुपर्ने हुन्छ । छिमेकी मुलुक भारतले हासिल गरेको आर्थिक विकासमा त्यहाँको पुँजी बजारको पनि ठूलो योगदान रहेको छ । युरोपियन तथा अमेरिकन पुँजी बजारबाट भन्दा नेपालले आफ्ना छिमेकी मुलुकहरुको अनुभवबाट वढी लाभ लिन सक्छ ।

**धितोपत्र बजारका पूर्वाधारहरुको स्थापना तथा विकास सम्बन्धमा यहाँको नेतृत्वमा के कस्तो कदमहरु चालिदैछन् ?**

सकारात्मक सोचले मात्रै धितोपत्र बजारको विकास सम्भव छैन । बजारको विकास एवं यसको आधुनिकरणका लागि बजारका न्यूनतम् पूर्वाधारहरुको स्थापना निमार्ण हुन जरुरी छ । यसको लागि बोर्डले सेन्ट्रल डिपोजेटरी सिस्टम (सिडिएस)को स्थापनाका लागि आवश्यक कदम चालिसकेको छ भने आधुनिक बजारमा सर्वसाधारण लगानीकर्ताहरुको लगानी सहभागिताको अंश निकै कम हुने हुनाले उनीहरुको संरक्षणका लागि सामुहिक लगानी योजना सम्बन्धी ऐन बनाएर स्वीकृतिका लागि मन्त्रालय पठाई सकिएको छ । बोर्डमा पनि धितोपत्र बजार सम्बन्धी जानकारी एवं तथ्यांकहरुको व्यवस्थापन गर्न सञ्चालन गरिएको एसडिएमएस परियोजना कार्यान्वयनका लागि अन्तिम चरणमा पुगेको छ । यस वाहेक बोर्डको संगठनात्मक ढाँचामा सुधार तथा स्तरोन्नति गर्ने, बोर्डमा धितोपत्र शिक्षा र तालिमको विभाग नै खडा गर्ने र पछि त्यसलाई बोर्डको सहायक संस्थाको रुपमा विकसित गर्ने, पुँजी बजार विकासका निम्ति दीर्घकालिन गुरुयोजना निमार्ण गर्ने, मध्यकालिन चक्रिय योजना तर्जुमा गर्ने काममा बोर्ड लागेको छ ।

**कम्पनीको भविष्यको योजना हेरेर लगानी सम्बन्धी निर्णय गरौं**

# धितोपत्र निष्काशन

नेपाल धितोपत्र बोर्डले २०६६ असार मसान्तसम्ममा रु. १४ अर्ब ८७ करोड ५१ लाख २० हजार बराबरको धितोपत्र सार्वजनिक निष्काशनका लागि अनुमति प्रदान गरेको छ । सो निष्काशन अनुमति प्रदान गरिएको रकम मध्ये रु. २ अर्ब ५० करोड ८७ लाख ६० हजार बराबरको साधारण सेयर, रु. ११ अर्ब ६१ करोड ५३ लाख ६० हजारको हकप्रद सेयर र रु. ७५ करोड बराबरको ऋणपत्र रहेको छ । २०६६ असार मसान्तसम्ममा कुल धितोपत्र सार्वजनिक निष्काशन अनुमति मध्ये ११ वाणिज्य बैंकहरुले रु. ५ अर्ब १२ करोड ८६ लाख ४८ हजार ६ सय, १६ विकास बैंकले रु. २ अर्ब ८२ करोड २४ लाख १५ हजार ८ सय, ३२ वित्त कम्पनीहरुले रु. ५ अर्ब ९२ करोड २६ लाख ९२ हजार, २ वीमा कम्पनीहरुले रु. १६ करोड ८ लाख र दुई जल विद्युत कम्पनीले रु. ८४ करोड छ लाख ६४ हजार बराबरको धितोपत्र निष्क(शन गर्न अनुमति पाएका हुन् ।










## बोर्डका कर्मचारीलाई शिक्षा तथा तालिम

नेपाल धितोपत्र बोर्डले चालु आर्थिक वर्षको बैशाख मसान्तसम्ममा बोर्डका अध्यक्ष लगायतका कर्मचारीहरुलाई विभिन्न भ्रमणहरुमा सहभागी गराएको छ । सहभागिताको क्रममा बोर्डका उप निर्देशक मेखबहादुर थापाले जुलाई १० र ११, २००८ मा भारतको नयाँ दिल्लीमा भएको IFRS Seminar मा भाग लिनु भएको थियो भने अप्रिल १८ देखि ३ मे, २००८ मा संयुक्त राज्य अमेरिकामा भएको International Institute for Securities Market Development program मा बोर्डका उपनिर्देशक ध्रुव तिमिल्सिना सहभागी हुनु भएको थियो ।

२८ मार्च देखि ४ अप्रिल २००८ सम्म चीनमा भएको Inspection of Market Intermediaries गोष्ठीमा बोर्डका तर्फबाट अधिकृत द्वय अनुज रिमाल तथा कृष्णप्रसाद घिमिरेले भाग लिनु भएको थियो । यस्तै फेब्रुवरी २२ देखि मार्च ६, २००८ सम्म जापानको टोकियोमा भएको Eleventh Tokyo Seminar on Securities Market Regulation कार्यक्रममा बोर्डका निर्देशक निरज गिरी र बोर्डका अधिकृत मञ्जु उपाध्यायले भाग लिनु भएको थियो । बोर्डका निर्देशक परीष्ट पौड्याल तथा उप निर्देशक विनयदेव आचार्यले १५ फेब्रुअरी देखि २८ फेब्रुअरीसम्म भारतको मुम्बैमा आयोजित Training for Trainers Program on Capital for Development of Capital Market तालिममा सहभागी हुनुभएको थियो ।

यसै गरि बोर्डका उप निर्देशक मेखबहादुर थापाले जापानमा भएको 4th ASF Seminar मा भाग लिनु भएको थियो । अक्टुबर २८ देखि ४ नोभेम्बर २००८ मा बोर्डका तत्कालिन अध्यक्ष डा. चिरञ्जीवी नेपाल, बोर्डका निर्देशकहरु निरज गिरी तथा परीष्ट पौड्यालले कोरियामा भएको Working Group Meeting on Investor Education मा सहभागी हुनु भएको थियो भने अगष्ट २४ देखि ३०, २००८ मा बैंककमा सम्पन्न Regional Seminar on Investigation and Enforcement कार्यक्रममा बोर्डका उप निर्देशक मुक्तिनाथ श्रेष्ठ सहभागी हुनु भएको थियो । ■

# पाइप लाइनमा निष्काशन

२०६६ असार मसान्तसम्ममा सार्वजनिक निष्काशनका लागि नेपाल धितोपत्र बोर्डमा आवेदन दिई अनुमति प्रक्रियामा रु. ५ अर्ब ६८ करोड २२ लाख बराबरको धितोपत्रको निष्काशनका लागि आवेदन परेको छ । एक वाणिज्य बैंक, ९ विकास बैंक, १४ वित्त कम्पनी, तीन वीमा कम्पनी, एक अन्य समुह र एक लघुवित्त समुहका गरी कूल २९ संगठित संस्थाहरुले धितोपत्रको सार्वजनिक निष्काशन गर्न पाउँ भनि बोर्ड समक्ष निवेदन दिएका छन् । यस मध्ये साधारण सेयरको सार्वजनिक निष्काशनका लागि रु. १ अर्ब ४६ करोड ५५ लाख तथा हकप्रद सेयर निष्काशनका लागि रु. ४ अर्ब २१ करोड ६६ लाखको आवेदन परेको छ ।

**साधारण सेयर** (रु. करोडमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | निष्काशन रकम |
|---|---|---|---|
| १ | कृषि विकास बैंक लि. | बाणिज्य बैंक | ९६०.०० |
| २ | मुक्तिनाथ विकास बैंक लि. | विकास बैंक | १४.०० |
| ३ | महाकाली विकास बैंक लि. | विकास बैंक | ८.१८ |
| ४ | मितेरी डेभलपमेन्ट बैंक लि. | विकास बैंक | १३.५४ |
| ५ | उद्यम विकास बैंक लि. | विकास बैंक | १५.०० |
| ६ | पाथीभरा विकास बैंक लि. | विकास बैंक | २४.५० |
| ७ | काष्ठमण्डप डेभलपमेन्ट बैंक लि. | विकास बैंक | ९६.०० |
| ८ | सेवा विकास बैंक लि. | विकास बैंक | ४०.०० |
| ९ | रेसुङ्ग विकास बैंक लि. | विकास बैंक | ९.१८ |
| १० | इन्भेष्टा फाइनान्स कं. लि. | वित्त कम्पनी | १६.०० |
| ११ | भ्याली फाइनान्स लि. | वित्त कम्पनी | २२.५० |
| १२ | शुभलक्ष्मी फाइनान्स लि. | वित्त कम्पनी | ३०.०० |
| १३ | सूर्यदर्शन फाइनान्स लि. | वित्त कम्पनी | २०.०० |
| १४ | जेनिथ फाइनान्स लि. | वित्त कम्पनी | ४२.०० |
| १५ | एशियन लाइफ इन्स्योरेन्स कं. लि. | वीमा कम्पनी | १०३.६८ |
| १६ | नेरुडे लघुवित्त विकास बैंक लि. | लघुवित्त संस्था | ६.०० |
| १७ | सिटी होम्स लि. | अन्य | ४५.०० |
| | **जम्मा** | **१,४६५.५८** | |

**हकप्रद सेयर** (रु. दश लाखमा)

| क्र.सं. | कम्पनी | क्षेत्र | निष्काशन रकम |
|---|---|---|---|
| १ | हिमचुली विकास बैंक लि. | विकास बैंक | ३१०.५० |
| २ | महालक्ष्मी फाइनान्स लि. | वित्त कम्पनी | ३२०.०० |
| ३ | वीरगन्ज फाइनान्स लि. | वित्त कम्पनी | ३२७.४१ |
| ४ | क्यापिटल मर्चेन्ट बैंकिङ्ग एन्ड फाइनान्स लि. | वित्त कम्पनी | ५१९.२३ |
| ५ | वुटवल फाइनान्स लि. | वित्त कम्पनी | ३२९.५५ |
| ६ | कुवेर मर्चेन्ट वित्तीय संस्था | वित्त कम्पनी | १००.०० |
| ७ | विजनेश डेभलपमेन्ट बैंक | विकास बैंक | ४४१.०० |
| ८ | गुडविल फाइनान्स लि. | वित्त कम्पनी | १७३.२५ |
| ९ | प्रुडेन्सियल फाइनान्स कं. लि. | वित्त कम्पनी | २००.०० |
| १० | इन्टरनेशनल लिजिङ्ग एन्ड फाइनान्स लि. | वित्त कम्पनी | १३६०.८० |
| ११ | एलायन्स इन्स्योरेन्स कं. लि. | वीमा कम्पनी | ५९.९२ |
| १२ | नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | वीमा कम्पनी | ७५.०० |
| | **जम्मा** | **४,२१६.६६** | |

## बोर्डमा नयाँ नियुक्ति

आफ्नो नियमन क्षमता अभिवृद्धि एवं धितोपत्र बजारको विकास र विस्तार गर्न बोर्डले थप जनशक्ति भर्ना गरेको छ । बोर्डले पर्वतका सुवास पौडेललाई कानुनी सल्लाहकारको रुपमा नियुक्ती गरेको छ भने अन्य तीनजना अधिकृत स्तरका कर्मचारीहरुलाई अस्थायी रुपमा खुला प्रतियोगिताबाट नियुक्ती गरेको छ । सो प्रतियोगितामा बोर्डमा आवेदन दिएका उम्मेदवारहरुमध्ये माग गरिएको न्युनतम योग्यतामा ६५ प्रतिशतभन्दा वढी अंक प्राप्त गरेका उमेदवारहरुसंग अर्न्तवार्ता लिई छनौट गरिएको थियो । यसरी छनौट हुने अधिकृतहरुमा रामशरण पोखरेल नियमन अधिकृत, ज्योति पुडासैनी कानुन अधिकृत तथा विजय ढकाल सुपरीवेक्षण अधिकृत रहेका छन् । ■

**नेपाल धितोपत्र बोर्डद्वारा प्रकाशित**
संरक्षकः डा. शूरवीर पौड्याल, सल्लाहकार सम्पादकः निरज गिरी, परिष्टनाथ पौड्याल, सम्पादकः गोपालकृष्ण आचार्य
कार्यालयः विजयचोक, गौशाला, काठमाडौं, पो.ब.नं. ९०३१, फोन नं. ४११०३२५, ४११०३२६, फ्याक्सः ४११०३३४, E-mail: sebo@ntc.net.np, Web: www.sebonp.com